आज मिति २०७८/०८/२९ गते बुधबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरूमा छलफल गरी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

**तपसिल**

| | | |
|---|---|---|
| १. | श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. | श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. | श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. | श्री कविकुमार चन्द | सदस्य |
| ५. | श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| ६. | श्री सेतिराम रोकाहा | सदस्य |
| ७. | श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. | श्री राम बहादुर के.सी. | सदस्य |
| ९. | श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. | श्री सन्ताराम कामी | सदस्य |
| ११. | श्री अमृता कामी | सदस्य |
| १२. | श्री मञ्जु शाही | सदस्य |
| १३. | श्री जुना मल्ल चन्द | सदस्य |
| १४. | श्री देवी खत्री | सदस्य |
| १५. | श्री धनीराम नेपाली | सदस्य |
| १६. | दिपक कवर | आर्थिक प्रशासन शाखा प्रमुख |
| १७. | भुपेन्द्र पून | सव-इन्जिनियर |
| १८. | सन्देश केसी | कम्प्युटर अपरेटर |

**प्रस्तावहरु**

१. अघिल्ला बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,
२. दशौ अधिवेशन बोलाउने सम्बन्धमा,
३. गिट्टीको निकासी/पैठारी कर निर्धारण सम्बन्धमा,
४. सामुदायिक वन उपभोक्ता समितिबाट आय कर लिने सम्बन्धमा,
५. वित्तीय संघ,संस्था तथा सहकारी संस्थाको अनुगमन सम्बन्धमा,
६. काज सरुवा भई आएका कर्मचारीको व्यवस्थापन सम्बन्धमा,
७. समपुरक र विशेष योजना माग सम्बन्धमा,
८. राहत तथा उपचार सम्बन्धमा,
९. विद्युत मर्मत योजनाको बजेट निकासा दिने सम्बन्धमा,
१०. गुनासो सुनुवाई अधिकारी छनौट सम्बन्धमा,
११. गुनासो सुनुवाइ समिति गठन गर्ने सम्बन्धमा,
१२. शाखा प्रमुखको जिम्मेवारी सम्बन्धमा,
१३. बर्थिङ सेन्टरमा काम गर्ने कर्मचारीको सेवा सुविधा (अतिरिक्त समय) सम्बन्धमा
१४. लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमा,
१५. सेवा सुविधाबाट बेरुजु रकम असुल गर्ने सम्बन्धमा।
१६. कर्मचारी आवश्यकता सम्बन्धी विज्ञापन गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१. **निर्णय नं.** अघिल्ला बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको समिक्षा गरियो ।

२. **निर्णय नं. २** –स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १२ (१) बमोजिम मिति २०७८/१०/१३ गते बिहिबारका दिन शहिद स्मृति सभाहलमा दार्मा गाउँपालिका,गाउँसभाको दशौं अधिवेशन बोलाउने निर्णय गरियो ।

३. **निर्णय नं. ३** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम खोला खानी तथा आवादी जग्गाबाट समेत खानीको रुपमा गिट्टी उत्खनन गरी व्यावसायिक रुपमा ट्र्याक्टर तथा टिप्परबाट निकासी पैठारी गर्दा प्रति ट्र्याक्टर रु ३००। र प्रतिटिप्पर रु १५००। का दरले गिट्टीमा निकासी/ पैठारी कर संकलन गर्ने निर्णय गरियो ।

४. **निर्णय नं. ४** – स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (ख) उप दफा (२) बमोजिम सामुदायिक वन उपभोक्ता समुहबाट प्राप्त आम्दानीको १० प्रतिशत आम्दानी प्राप्त गर्नको लागि

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधि–

ऐऐ दफाको उप दफा (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी बनाएको वार्षिक कार्ययोजना मिति २०७८/०९/२९ गतेसम्म गाउँकार्यपालिकाबाट स्वीकृत गराउनको लागि सबै सामुदायिक वन उपभोक्ता समितिलाई परिपत्र गर्ने निर्णय गरियो ।

५. **निर्णय नं. ५** - यस गाउँपालिकाको आंशिक तथा सम्पुर्ण वडालाई कार्यक्षेत्र बनाई वित्तीय सेवा प्रदान गरिरहेका लघु वित्तीय संस्था (micro finance) ऋण तथा वचत सहकारी संस्था लि. र विगतमा गरिवी निवारण कोषद्वारा सञ्चालित सामुदायिक संस्थाहरुलाई सूचीकृत गर्न परिपत्र गर्ने र ति संघ संस्थाहरुको सेवा प्रवाह, आम्दानी,खर्च र ऋण परिचालन र ऋण परिचालनका क्षेत्र आदिको विद्यमान अवस्थाको स्थलगत अनुगमण गर्ने निर्णय गरियो ।

६. **निर्णय नं. ६** –दोहोरो सहमतिका आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवस्तर बैठकको निर्णयानुसार यस पालिकामा काज सरुवा भई आएका कर्मचारीहरु मध्ये खा.पा.स.टे. पदमा कर्मचारी समायोजन मिलानबाट पदपूर्ति भईसकेको अवस्थामा खा.पा.स.टे. बलबहादुर बस्नेतलाई फाजिलमा हाजिरी गराई कार्यालयले आवश्यकता अनुसार कामकाज गर्ने जिम्मेवारी दिने,असिस्टेन्ट सव-इन्जिनियर पुष्पा चन्दलाई १ नं. वडा कार्यालय र सहायक चौथो खिमबहादुर खड्कालाई २ नं. वडा कार्यालयमा कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

७. **नि.नं. ७** - राष्ट्रिय योजना आयोग,सिहंदरबार, काठमाडौंको मिति २०७८।०८।२४ गतेको प्रकाशित सूचना अनुसार समपुरक कार्यविधि २०७५ (तेस्रो ससोंधन २०७७) र विशेष अनुदान कार्यविधि २०७५ (तेस्रो संसोधन २०७७) बमोजिम प्राथामिकीरणको आधारमा तपसिल बमोजिमका समपुरक र विशेष योजना छनोट गरि राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

**तपसिल**

समपुरक योजना

१. सिमाखोली- गोठीवन- भूर्तिवाङ -लिगाचौर प्रसुतिगृह सडक स्तरबृद्दी

२. लाखुरीडाँडा –नाउला- गलाँत- डाँडागाउँ सडक निर्माण

३. दार्मा गाउँपालिका विद्युतीकरण दार्मा १ र २ दार्माकोट –झ्यारीवाङ

ख) विशेष योजना

१. नवसर्वसाधारण मा.वि. भवन निर्माण दार्मा ४

२. दार्मा खानेपानी योजना दार्मा ३ फारुलाचौर

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

३. मंगलपानी ब्रहाथान राष्ट्रिय मा.वि. खानेपानी आयोजना (अपुरो योजना)

८. **निर्णय नं. ८-** गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को देहायका दफा बमोजिम देहायका नागरिकहरुलाई देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्यविधिको सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| १ | टेक बहादुर थापा | दार्मा ४ | ९ | मेसिनले हात पिसिएको | १००००। |
| २ | काली बहादुर थाप | दार्मा ४ | ३ | क्यान्सर | ५०००। |
| ३ | दिले दाहाल | दार्मा ३ | ३ | क्यान्सर | १०००० |
| ४ | बली खडका | दार्मा ५ | ३ | दीर्घ रोगी | ५०००। |
| ५ | विशाल चन्द | दार्मा ४ | ३ | क्यान्सर | ५०००। |
| ६ | मगर संघ सहयोग | सल्यान | ८ | संस्थागत | १००००। |
| ७ | अपांग संघ सहयोग | सल्यान | ८ | संस्थागत | १००००। |
| ८ | सुमन मल्ल | दार्मा ६ | ३ | मुटु रोगी | १००००। |
| ९ | दुर्ग बहादुर के.सी | दार्मा ६ | ७ | दुर्टनामा परी मृत्यू | १००००। |
| १० | कुल बहादुर के.सी. | दार्मा २ | ७ | दुर्घटनामा परी मृत्यू | १५०००। |
| ११ | टेक बहादुर रोकाय | दार्मा ६ | ३ | दीर्घ रोगी | १००००। |
| १२ | तुलसी वली | दार्मा १ | ६ | विपन्न जेष्ठ नागरिक | १००००। |

९. **निर्णय नं. ९–** दार्मा गाउँपालिकाका सबै वडाहरुमा एलटी पोल र विद्युत प्रसारणको लागि तार खरिद गर्न खर्च प्रगतिको आधारमा सम्बन्धित कार्यालयबाट लेखापरीक्षण गर्ने गरी विद्युत मर्मत योजनामा विनियोजन गरिएको रु १० लाख नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रलाई निकासा दिने निर्णय गरियो।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

१०. **निर्णय नं. १०** –गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ को दफा २२ (५) तथा गुनासो सुनुवाई मार्गदर्शन,२०७८ को दफा ७ बमोजिम गुनासो सुनुवाई अधिकारीको लागि भिम बहादुर रोकाय र इन्द्रबहादुर वलीलाई छनौट गर्ने निर्णय गरियो ।

११. **निर्णय नं. ११** – गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन,२०७८ को दफा ८ बमोजिम गाउँपालिका उपाध्यक्षको सयोंजकत्वमा तपसिल अनुसारको गुनासो सुनुवाइ समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष श्री टीका शर्मा वली | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री अमृत खडका | - सदस्य |
| कार्यपालिका महिला सदस्य श्री जुना मल्ल चन्द | - सदस्य |
| गुनासो सुनुवाई अधिकारी | - इन्द्रबहादुर वली |

१२. **निर्णय नं. १२** –पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा इन्जिनियर पदमा कार्यरत शाखा प्रमुख इन्जिनियर मधुसुदन के.सी. दोहोरो सहमतिको आधारमा काज सरुवा भई रमना समेत भइसकेको हुँदा इन्जिनियरले गर्नुपर्ने कामकाज गर्नको लागि सव-इन्जिनियर पदमा कार्यरत इन्जिनियर भुपेन्द् पुन मगरलाई पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा शाखा प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो ।

१३. **निर्णय नं. १३** - घण्टा बर्थिङ सेन्टर लागु भएका स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ स्टापहरुलाई दिवा सेवा कार्यालय समयमा र रात्री सेवा बेलुका ५ देखि विहान १० बजेसम्म स्वास्थ्य संस्था प्रमुखले पालैपालो कामकाज गर्ने गरी व्यवस्था मिलाउन निर्देशन गर्ने निर्णय गरियो ।

१४. **निर्णय नं. १४** – उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानको आयोजनामा सञ्चालन गरिने तपसिल बमोजिमको तालिम, तपसिलका वडाहरुबाट सहभागी हुने गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र. सं. | तालिमको नाम | वडा नं. | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | सैदान्तिक तालिम उद्योगी व्यवसायीलाई १० दिने | वडा नं.३ | २० |

अमृत खड्का

| | | | |
|---|---|---|---|
| २ | होजियारी तालिम | वडा नं. ४ | १५ |
| ३ | कोभिड लक्षितलाई सिप विकास तालिम | वडा नं. ३ | १५ |
| ४ | प्लम्बिङ तालिम | वडा नं. २,३ र ६ | १५ |
| ५ | सिलाईकटाई तालिम | वडा नं. ५ | १५ |

१५. **निर्णय नं. १५** –महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार बेरुजु आई हालसम्म बेरुजु दाखिला नगरेका जनप्रतिनिधि तथा कर्मचारीहरुको सम्बन्धमा निजहरुको सेवा सुविधा तथा तलबभत्ताबाट बेरुजु रकम असुल गर्ने निर्णय गरियो ।

१६. **निर्णय नं.** गाउँपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७७ को ४ बमोजिम देहायका पदमा देहायको पारीश्रमिक दिने गरी कर्मचारी आवश्यकता सम्बन्धी विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.स. | सेवा | पद | पारीश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य | मेडिकल अधिकृत | ९००००। | |
| २ | स्वास्थ्य | रेडियोग्राफर | २०००००। | २५ प्रतिशत भत्ता |
| ३ | कृषि | ना.प्रा.स. | २००००। | |

अमृत खड्का